## **मार्च 5, 2024:** वार्षिक नगर निर्वाचन र प्रारम्भिक राष्ट्रपतीय निर्वाचन

**कृपया ख्याल गर्नुहोस्: मार्चमा हुने निर्वाचनमा दुई वटा छुट्टा छुट्टै मतपत्र हुने छन्।**

- वार्षिक नगर निर्वाचनको मतपत्र **मतदाता नामावलीमा नाम दर्ता गराएका सबै सक्रिय मतदाताहरूलाई हुलाकमार्फत पठाइने छ।**
- प्रारम्भिक राष्ट्रपतीय निर्वाचन (प्राइमरी) को मतपत्र चाहिँ **मतदाताले अनुरोध गरेपछि मात्र हुलाकमार्फत पठाइने छ।**

### अग्रिम मतदान

- **वार्षिक नगर निर्वाचन**का मतपत्रहरू बर्लिङ्गटनमा रहेका मतदाता नामावलीमा नाम दर्ता गराएका सबै सक्रिय मतदातालाई फेब्रुअरी 14 भित्र हुलाकमार्फत पठाइने छन्। तपाईंले फेब्रुअरी 21 भित्र आफ्नो मतपत्र प्राप्त गर्नुभएन भने कृपया क्लर्क/ट्रेजररको कार्यालय (Clerk/Treasurer's Office) मा सम्पर्क गर्नुहोस्।
- **प्रारम्भिक राष्ट्रपतीय निर्वाचन (प्राइमरी)** का मतपत्रहरू हुलाकमार्फत सबै मतदातालाई पठाइने छैन। तपाईं यो मतपत्र हुलाकमार्फत पठाइदिन अनुरोध गर्न चाहनुहुन्छ भने कृपया mvp.vermont.gov मा गई अनलाइन माध्यमबाट अनुरोध गर्नुहोस् वा नगर क्लर्क (City Clerk) को कार्यालयको फोन नम्बर (802) 865-7000 मा कल गर्नुहोस्।
- आफ्नो गैरहाजिरी मतपत्र (absentee ballot) मार्फत मतदान गर्दा दिइएका सबै निर्देशन ध्यानपूर्वक पालना गर्नुहोस्। आफ्नो मतपत्र खाममा हालेर सो खाम सिल गरी त्यसमा हस्ताक्षर गर्न नभुल्नुहोला, अन्यथा तपाईंको मत गणना गरिने छैन।
- आफ्नो मतसहितको मतपत्र निम्न तरिकाले फिर्ता गर्नुहोस्:
  - **सोमवारदेखि शुक्रवार पूर्वाह्न 8:00 बजेदेखि अपराह्न 4:30 बजेका बिचमा सिटी हलमा गएर।**
    - मार्च 1 सम्म सोमवारदेखि शुक्रवार पूर्वाह्न 8:00 बजेदेखि अपराह्न 4:30 बजेसम्म।
    - मार्च 4, सोमवारका दिन पूर्वाह्न 8:00 बजेदेखि अपराह्न 1:00 बजेसम्म।
  - **मतपत्र सङ्कलन गर्ने प्रयोजनका लागि निम्न स्थानमा राखिएको ड्रप बक्समा हालेर:**
    - सिटी हल - फ्लिन थिएटर (Flynn Theater) को पारिपट्टी रहेको भवनको मेन स्ट्रिट साइड
    - सार्वजनिक पूर्वाधार निर्माण विभाग (Department of Public Works) – 645 Pine Street
    - फायर स्टेसन #2 – 132 North Avenue, भवनको पछाडि
    - रोबर्ट मिलर कम्युनिटी सेन्टर (Robert Miller Community Center) – 130 Gosse Court
    - फायर स्टेसन #3 – 20 Mansfield Avenue
  - **निर्वाचन हुने दिन पूर्वाह्न 7:00 बजे र अपराह्न 7:00 बजेका बिचमा आफ्नो मतदान स्थलमा गएर।** तपाईं https://www.burlingtonvt.gov/CT/Maps-Wards-State-Districts-and-Polling-Places **मा गई मतदान स्थलहरूको सूची हेर्न सक्नुहुन्छ।**

- **यस नगरका निर्वाचन क्षेत्रहरूको सीमाना पुनः निर्धारण गरिएको हुनाले तपाईंको वडा र मतदान स्थल परिवर्तन भएको हुन सक्छ।** https://www2.burlingtonvt.gov/Clerk/Elections/Map/ **मा गई आफू बस्ने वडा यकिन गर्नुहोस्।**

## मतदान स्थलमा गएर मतदान गर्ने

- मतदान स्थलहरू निर्वाचन हुने दिन पूर्वाह्न 7:00 बजेदेखि अपराह्न 7:00 बजेसम्म खुला रहने छन्
- मतदान स्थलमा जाँदा तपाईंलाई हुलाकमार्फत पठाइएको मतपत्र आफूसँगै लिएर जानुहोस्। तपाईंले मतपत्र प्राप्त गर्नुभएको छैन वा मतपत्र ल्याउन बिर्सनुभयो भने पनि तपाईं मतदान गर्न सक्नुहुन्छ। तर तपाईंलाई पहिला एउटा शपथ पत्रमा हस्ताक्षर गर्न लगाइने छ।
- बिमारी वा अपाङ्गताका कारणले आफ्नो मतदान स्थलमा जान नसक्ने मतदाताहरू क्लर्कको कार्यालयमा सम्पर्क गरी आफ्नो मतदान स्थलको सडक पेटीमा मतदान गर्ने सुविधा, विद्युतीय मतपत्रको डेलिभरी वा जस्टिस अफ दि पिस (Justices of the Peace) द्वारा घरमै मतपत्र डेलिभर गर्ने सुविधा अनुरोध गर्न सक्नुहुन्छ।

## महत्त्वपूर्ण मिति

**फेब्रुअरी 14 –** मतदाता नामावलीमा नाम दर्ता गराएका सबै मतदातालाई हुलाकमार्फत वार्षिक नगर निर्वाचनका मतपत्रहरू पठाइने मिति

**मार्च 4, अपराह्न 1 बजे –** निर्वाचन हुने दिनअघि अनलाइन माध्यमबाट वा क्लर्क ट्रेजररको कार्यालय (Clerk Treasurer's Office) मा गई मतदाता नामावलीमा नाम दर्ता गराउने म्याद; निर्वाचन हुने दिन, अर्थात् मार्च 5 मा तपाईंको मतदान स्थलमै पनि मतदाता नामावलीमा तपाईंको नाम दर्ता गराउन सकिन्छ।

**मार्च 4, अपराह्न 4:30 बजे –** आफ्नो मतसहितको मतपत्र ड्रप बक्समा हाल्ने म्याद

**मार्च 5 –** निर्वाचन हुने दिन! बिहान 7:00 बजेदेखि बेलुका 7:00 बजेसम्म मतदान स्थलमा गएर मतदान गर्न सकिने छ।

## भाषासम्बन्धी सहायता

- तपाईंलाई निर्वाचन हुने दिनमा वा अग्रिम रूपमा मतदान गर्नका लागि कुनै दोभासे चाहिन्छ भने कृपया क्लर्कको कार्यालयका कुनै कर्मचारी वा तपाईंको मतदान स्थलमा रहेका कुनै निर्वाचन अधिकारीलाई सोध्नुहोस्। तपाईंसँग निःशुल्क रूपमा दोभासे सेवा प्राप्त गर्ने अधिकार छ। बर्लिङ्गटन सहरको सामुदायिक तथा आर्थिक विकास कार्यालय (Community & Economic Development Office (CEDO)) ले 240 भन्दा बढी भाषामा दोभासे सेवा प्रदान गर्छ।